# काउन्सिलको ४९ औं वार्षिकोत्सव सम्पन्न

प्रेस काउन्सिलले ४९ औं वार्षिकोत्सव समारोहको २०७५ असोज ६ राष्ट्रपतिको कार्यलयमा एक कार्यक्रम गरी सम्पन्न गरेको छ। सो कार्यक्रममा पत्रकारिता क्षेत्रमा योगदान गर्नुहुने विभिन्न व्यक्तिहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो। उक्त कार्यक्रममा वार्षिक प्रतिवेदन समेत सार्वजनिक गरिएको थियो। कार्यक्रममा सम्मानीत तथा पुरस्कृत हुनेको विवरण निम्नानुसार रहेको छ।

## (क) पुरस्कार तथा सम्मान

प्रेस काउन्सिल नेपालको ४९ औं वार्षिकोत्सवका अवसरमा पुरस्कृत तथा सम्मानित व्यक्तित्व

| सि.नं. | पुरस्कार | रकम रु. | व्यक्ति/संस्था |
|---|---|---|---|
| १ | प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार | रु.१०५ हजार | युवराज घिमिरे , काठमाडौं |

| सि.नं. | पुरस्कार | रकम रु. | व्यक्ति/संस्था |
|---|---|---|---|
| १ | प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार | रु.१०५ हजार | राजबहादुर गुरुङ, कास्की |
| २ | प्रेस काउन्सिल आचारसंहिता पुरस्कार | रु.५० हजार | हाम्रो रेडियो, दोलखा |
| ३ | प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार | रु.३० हजार | बृजकुमार यादव, धनुषा |
| ४ | प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार | रु.२० हजार | कल्पतरु साहित्यिक पत्रिका (प्रकाशक/सम्पादक नवराज पुडासैनी), काठमाडौं। |
| ५ | प्रेस काउन्सिल स्तम्भ लेखन पुरस्कार | रु.२० हजार | डा.अमर गिरी, दाङ |
| ६ | प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार | रु.२० हजार | गुगुल्डी मासिक (डोट्याली भाषाको पत्रिका, सम्पादक/प्रकाशक वीरबहादुर चन्द), कञ्चनपुर |
| ७ | प्रेस काउन्सिल महिला सशक्तिकरण पत्रकारिता पुरस्कार | रु.२० हजार<br>रु२० हजार | कृष्णमाया उपाध्याय, जुम्ला<br>नानीमैंया विष्ट, मकवानपुर |
| ८ | प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पत्रकारिता पुरस्कार | रु.२० हजार | पुण्य पौडेल, कास्की |
| ९ | प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार | रु.२० हजार<br>रु.२० हजार<br>रु.२० हजार | सुरेशकुमार यादव, सिराहा<br>गोपाल परियार, नवलपरासी<br>रिता मोक्तान, सुनसरी |
| १० | प्रेस काउन्सिल युवा सशक्तिकरण पत्रकारिता पुरस्कार | रु.२० हजार<br>रु.२० हजार<br>रु.२० हजार | चन्द्र बानियाँ, काठमाडौं<br>उज्जल पहाडी, काठमाडौं<br>सागर पण्डित, तनहुँ |
| ११ | प्रेस काउन्सिल सशक्त लेखन पत्रकारिता पुरस्कार | रु.२० हजार | मिमबहादुर रावल, कालिकोट |
| १२ | प्रेस काउन्सिल विधागत पत्रकारिता पुरस्कार | रु.२० हजार<br>रु.२० हजार | अविन श्रेष्ठ (कार्टुनतर्फ), काठमाडौं<br>पदमसागर कक्षपति (फोटोग्राफीतर्फ), काठमाडौं |

**पत्रकारिता क्षेत्रमा योगदान दिएवापत सम्मानित हुने व्यक्तित्व**

१. केदारमान सिंह,काठमाडौं।

२. मुक्तिनाथ खनाल, तनहुँ ।

३. हरिकला अधिकारी,काठमाडौं ।

४. रमेशकाजी स्थापित, काठमाडौं ।

## कर्मचारी पुरस्कार

१. सहप्रशासकीय अधिकृत दीपक खनाल रु.२० हजार (उत्कृष्ट कर्मचारी पुरस्कार)

२. अनुगमनकर्ता विनय बजगाईं रु. १० हजार (कर्मचारी प्रोत्साहन पुरस्कार)

३. कार्यालय सहयोगी रमा चौला रु. १५ हजार (उत्कृष्ट कर्मचारी पुरस्कार)

४. सवारी चालक सुमन महत (प्रशंसापत्र) रु. ५ हजार

*२० वर्ष सेवा गरेवापत दीर्घसेवा पदक* १. उपप्रशासकीय अधिकृत रामशरण बोहरा

## गत आर्थिक वर्षमा काउन्सिल

# आ.व. २०७४/०७५ मा आचारसंहिता अनुगमन

प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता, २०७३ अनुसार आचारसंहिता अनुगमन, अनुसन्धान र कारबाही गर्दै आएको छ । उजूरीकर्ताबाट परेका उजुरी र स्वअनुगमनमा देखिएका तथ्यका कारबाही-प्रक्रिया अघि बढाइन्छ । आचारसंहिता अनुगमनलाई चुस्त-तुरुस्त र प्रभावकारी बनाउन छापा र विद्युतीय शाखा खोली कार्य अघि बढाइएको छ । नियमित स्वअनुगमनबाट आचारसंहिता प्रतिकूल समाचार सामग्री सम्प्रेषण भएको पाइएपछि सम्बन्धित आमसञ्चारमाध्यमलाई ध्यानाकर्षण गराउने, ताकेता, पुनः ताकेता र अन्तिम ताकेता पत्र पठाउने, सचेत गराउने, सुविधा रोक्का गर्न सिफारिस गर्ने, अवज्ञाकारीको सूचीमा राख्ने लगायत कारबाही हुँदैआएको छ । आ.व. २०७४/०७५ मा भएको अनुगमन र कारबाहीको अवस्था

**१. छापामाध्यम**

*उजुरी, स्वअनुगमन र जनगुनासा*

| | फछ्र्यौट | प्रक्रियामा | अवज्ञाकारी | कुल |
|---|---|---|---|---|
| उजुरी | ५५ | १० | १ | ६५ |
| स्वअनुगमन | ४ | १ | १ | ६ |
| जनगुनासा | ० | ० | ० | ० |
| कुल संख्या | ५९ | ११ | २ | ७१ |
| | | | | |

**२. विद्युतीय माध्यम**

*उजुरी, स्वअनुगमन र जनगुनासा*

| | फछ्र्यौट | प्रक्रियामा | अवज्ञाकारी | कुल |
|---|---|---|---|---|
| उजुरी | ५० | २२ | ७ | ७९ |
| स्वअनुगमन | १३ | १ | १ | १५ |
| जनगुनासा | २ | ० | ० | २ |

| | | | | |
|---|---|---|---|---|
| कुल संख्या | ६४ | २३ | ८ | ९५ |

## पत्रपत्रिकाको वर्गीकरण

पत्रपत्रिका वर्गीकरण मापदण्ड, २०६६ (संशोधित, २०७३) को आधारमा वर्गीकरण गरिँदै आएको छ । पहिलेका आ.व.मा हुबहु गर्ने केही पत्रपत्रिका यसपटक पनि हुबहुमा परेकाले कुनै वर्गमा परेका छैनन् । यसवर्ष आ.व.०७२।७३ र २०७३।७४ को पत्रपत्रिकाको वर्गीकरण एकैसाथ गरिएको छ । वितरण सम्परीक्षण समितिमा आ.व. २०७२/७३ मा ९१३ र आ.व. २०७३/७४ मा ९५३ वटा पत्रपत्रिकाबाट आवेदन प्राप्त भएको थियो । वर्गीकरणमा राष्ट्रियस्तरका ब्रोडसिटसहितका पत्रिका समावेश भएका छन् । उल्लिखित सबै पत्रपत्रिकाका हरेक अङ्कलाई विज्ञहरूबाट प्रत्यक्ष निरीक्षण, मूल्याङ्कन र परीक्षण गराइएको थियो । तर विज्ञहरूबाट निरीक्षण एवं परीक्षण गर्दा आफ्नै वा अन्य पत्रिका र अनलाइन मिडियाका पहिले नै प्रकाशित सम्पादकीय, विशेष लेख, समाचार पूरै वा आंशिक रूपमा जस्ताको तस्तै हुबहु प्रकाशन गर्ने, पत्रपत्रिका वर्गीकरण मापदण्डअनुसार निर्धारित न्यूनतम अङ्क नपुऱ्याउने, काउन्सिलको अभिलेखमा नभएका, फोटोकपी वा कम्प्युटर प्रिण्टमा प्रकाशित भएका र पटक-पटक काउन्सिलको कारबाहीमा परेका पत्रपत्रिका वर्गीकरणमा परेका छैनन् ।

यस्तै उक्त वर्गीकरण नतिजामा चित्त नबुझी आ.व. २०७२।०७३ को लागि ११२ र आ.व. २०७३।०७४ को लागि ३४८ गरी ४६० वटा निवेदन पुनरवलोकनका लागि प्राप्त भएका थिए । उक्त निवेदनउपर सम्बोधन गर्नका लागि तीन सदस्यीय पत्रपत्रिका वर्गीकरण पुनरवलोकन समिति गठन गरिएको थियो । उक्त समितिले सबै निवेदनउपर अध्ययन एवं अनुसन्धान गरी विज्ञहरूबाट समेत पुनः परीक्षण गराई नतिजा प्रकाशन गरेको थियो ।